# मर्चवारी गाउँपालिकाको
# भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी
# मापदण्ड तथा आधारहरू
## २०७९

**मर्चवारी गाउँपालिका**

**गाउँकार्यापालिकाको कार्यालय**

**रायपुर, रुपन्देही**

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०७९

भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस मर्चवारी गाउँपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यस मापदण्डको नाम **"भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू-२०७९"** रहेको छ ।

(ख) यो मापदण्ड मर्चवारी गाउँ कार्यपालिकाले स्वीकृत भएको मितिबाट मर्चवारी गाउँ क्षेत्र भित्र लागू हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) **"ऐन"** भन्नाले भू-उपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ ।

(ख) **"नियमावली"** भन्नाले भू-उपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ ।

(ग) **"गाउँपालिका"** भन्नाले मर्चवारी गाउँ पालिकालाई सम्झनुपर्दछ ।

(घ) **"कार्यपालिका"** भन्नाले मर्चवारी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) **"आवासीय क्षेत्र"** भन्नाले मानवीय वासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ ।

(च) **"औद्योगिक क्षेत्र"** भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

(छ) **"कृषि क्षेत्र"** भन्नाले कृषि बाली उत्पादन, पशु/पन्छी पालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, बागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

(ज) **"खानी तथा खनिज क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

(झ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) **"भू-उपयोग"** भन्नाले भूमिको उपयोग सम्झनु पर्छ ।

(ट) **"भू-उपयोग क्षेत्र"** भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ ।

गया प्रसाद बरई
अध्यक्ष



CamScanner

(ठ) "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

(ड) "भू-उपयोग योजना " भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

(ढ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ ।

(ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ ।

(त) "व्यावसायिक क्षेत्र " भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(थ) "सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ ।

(द) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिंचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

**३. भू-उपयोग क्षेत्र वर्गीकरण सम्वन्धी मापदण्डहरु**

## वडा नं.१

आज मिति २०८०/०२/२४ गतेका दिन यस मर्चवारी गा.पा.वडा नं.१ का वडा अध्यक्ष श्री कृष्ण कुमार सिंह ज्यूको अध्यक्षतामा वैठक वसी तपसिल बमोजिममा समितिका सदस्य, पदाधिकारी कर्मचारी तथा अन्य व्यक्तिहरुको उपस्थितीमा निम्न अनुसारको निर्णय गरियो ।

**निर्णय नं.१** : प्रस्ताव नं.१ माथि छलफल गर्दा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

तपसिल :

**१.आवासीय क्षेत्र तर्फः**

(क) मुख्य सडकको हकमा दायाँ बायाँ ५० मिटर आवासीय क्षेत्र राख्नि ।

(ख) शाखा सडकको हकमा दायाँ बायाँ ४० मिटर आवास क्षेत्र राख्नि ।

(ग) अन्य भित्री सडकको हकमा दायाँ बायाँ ३० मिटर आवास क्षेत्र राख्ने ।

(घ) हरेक गाउँको वरिपरी १०० मिटर परसम्म आवास क्षेत्र राख्ने ।

गया प्रसाद बरई
अध्यक्ष



CamScanner

(क) मुख्य सडक :

(१) बनगाई चोक देखि खैराघाट (नहरको बाटो)।

(२) इस्लामपुर चोकदेखि खैराघाट जाने बाटो।

(३) सुमेगाढ देखि महला टोल सम्म।

(४) इस्लामपुर चोकदेखि धनहवा हुँदै महाराजगंज सम्म।

(५) कदमहवा देखि धनहवा चोक सम्म।

(ख) शाखा सडक:

(१) सेमरा टोल देखि कचरीहवा सम्म।

(२) सोनबर्षा चोक देखि मल्ला हुँदै भुवही पचंवारे खैराघार सम्म।

(३) भन्सार पोल चोक देखि भुवरी सम्म।

(४) हरिनगढ, दीचला टोल देखि नदीबासा गाउँ हुँदै सुमेगढ सम्म।

(५) फेइरीपुखा हुँदै बरमहवा सम्म।

(६) ओलनीपुर चोक देखि कोरीहवा गाउँ हुँदै पूर्व सेमरा।

(७) नहर बाटो कचरीहवा देखि सोनवर्षा पूर्व टोल हुँदै हरिनगढ

(८) सोनवर्षा पूर्वी टोल देखि दुई मुहान घाट सम्म।

(९) भुवही टोल देखि खुरखुरिया घाट सम्म।

(१०) कोहिकवा देखि पश्चिम पचबोट हुँदै भवही सम्म।

(११) धनहवा देखि कहार हुँदै पतिलहा सम्म।

(१२) कारणमाई स्थान वाने बाटो।

(१३) धनहवा देखि इस्लामपुर गाउँ सम्म।

(१४) सुमेरगढ देखि मुकुन्दगढ सम्म जाने बाटो।

(१५) पुर्व सेमरा देखि झोलनीपुर चोक देखि शिशौ सेमरा सम्म।

२) व्यवसायिक क्षेत्र:

(क) झुलनीपुर देखि शिशौ सेमरा सम्म २५ मिटर।

(ख) इस्लामपुर चोक देखि धनहवा सम्म २५ मिटर।

(ग) सोनवर्षा चोक देखि कचरिहवा हुँदै खैराघाट सम्म २५ मिटर।

(घ) हरिनगढ चोक देखि आनन्दनगर सम्म २५ मिटर।

(ङ) बार्डिङ्ग स्कुल: ज्ञानज्योती चिल्ड्रेन इ.बो.स्कुल पुर्निकोट, रुलर एकेडमि आनन्दनगर,झुलनीपुर चोक।

३) सार्वजनिक क्षेत्र:

(क) विद्यालयहरु:

- श्री सेमरा आधारभुत विद्यालय,सेमरा
- श्री सरस्वती आधारभुत विद्यालय, सुमेरगढ
- श्री जनशक्ति प्रा.वि, पचवारे
- मदरसा इसलामिया ताजुल उलुम, कोटिहवा

(ख) स्वास्थ्य चौकी

- सेमरा स्वास्थ्य चौकी

४) धार्मिक साँस्कृतिक तथा पुरातात्विक क्षेत्र:

- कालीमाई मन्दिर, शिव मन्दिर, कोटही मन्दिर, कन्टाइनमाई स्थान, दुर्गा मन्दिर, कालीमाई स्थान, कोटही बुढियामाई मन्दिर, सेमरीमाई मन्दिर, करजमाई थान

५) खोला, नाला, ताल समिसार क्षेत्र:

- डण्डा नदी, पूर्निनाला, गैडहवा नाला, घुघी नाला, कालीमाईको पोखरी

गया प्रसाद बरई
अध्यक्ष



CamScanner

६) जोखिम क्षेत्र:

- डण्डा खोलाको प्रभावित क्षेत्रहरु ईस्लामपुर, कचरिहवा, हरिनगढ, महला, सोनवर्षा

७) कृषि क्षेत्र:

- माथि उल्लेखित क्षेत्र र नदी, ताल, नाला, सिमसार क्षेत्र बाहेकका सम्पूर्ण जग्गाहरु कृषि क्षेत्र रहने छ भनी सर्वसहमतिबाट निर्णय गरियो ।

## वडा नं.२

आज मिति २०८०/०२/२४ गतेका दिन यस मर्चवारी गा.पा.वडा नं.२ का वडा अध्यक्ष श्री शशिदयाल चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिममा समितिका सदस्य, पदाधिकारी कर्मचारी तथा अन्य व्यक्तिहरुको उपस्थितीमा निम्नअनुसारको निर्णय गरियो ।

**निर्णय नं.१ :** प्रस्ताव नं.१ माथि छलफल गर्दा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**१) आवासीय क्षेत्र:**

(क) मुख्य सडकको हकमा दायाँ बायाँ ५० मिटर आवास क्षेत्र राख्ने ।
(ख) शाखा सडकको हकमा दायाँ बायाँ ४० मिटर क्षेत्र राख्ने ।
(ग) अन्य भित्री सडकको हकमा दायाँ बायाँ ३० मिटर आवास क्षेत्र राख्ने ।
(घ) हरेक गाउँको वरिपरी ५० मिटर परसम्म आवास क्षेत्र राख्ने ।

**(क) मुख्य सडक:**

- तुनिहवा, बगौली, अमवा, मुकन्दगढ, पुर्व सेमरा सडक विश्व बैंक

**(ख) शाखा सडक:**

- एक गाउँबाट अर्को गाउँ टोल जाने बाटो ।

**(ग) अन्य भित्री सडक:**

- हरेक टोल भित्रका सडकहरु

**२) व्यवसायिक क्षेत्र:**

- अमवा चोक देखि १०० मिटर वरिपरी र वडा कार्यालय तर्फ वडा कार्यालय भन्दा १०० मिटर परसम्म ३० मिटर दायाँ बायाँ राख्ने ।

**३) सार्वजनिक क्षेत्र:**

- जनहित आधारभुत विद्यालय, अमवा मा.वि., रायपुर प्रा.वि.केन्द्र, खेल मैदान प्रहरी चौकी

**४) धार्मिक सांस्कृतिक तथा पुरातात्विक क्षेत्र:**

- दुर्गा मन्दिर, शिव मन्दिर, देउरवा, कदिना मस्जिद

**५) कृषि क्षेत्र:**

- माथि उल्लेखित क्षेत्र र नदी, ताल, नाला, सिमसार क्षेत्र बाहेकका सम्पूर्ण जग्गाहरु कृषि क्षेत्र रहने छ भनी सर्वसहमतिबाट निर्णय गरियो ।

## वडा नं.३

आज मिति २०८०/०२/२५ गतेका दिन यस मर्चवारी गा.पा.वडा नं.३ का वडा अध्यक्ष श्री जनार्दन यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिममा समितिका सदस्य, पदाधिकारी कर्मचारी तथा अन्य व्यक्तिहरुको उपस्थितीमा निम्नअनुसारको निर्णय गरियो ।

**निर्णय नं.१ :** प्रस्ताव नं.१ माथि छलफल गर्दा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**१) आवासीय क्षेत्र:**

(क) मुख्य सडकको हकमा दायाँ बायाँ ५० मिटर आवास क्षेत्र राख्ने ।
(ख) शाखा सडकको हकमा ४० मिटर आवास क्षेत्र राखिने ।
(ग) अन्य भित्री सडकको हकमा दायाँ बायाँ ३० मिटर आवास क्षेत्र राख्ने ।
(घ) हरेक गाउँको वरिपरी ५० मिटर पर सम्म आवास क्षेत्र राख्ने ।

गया प्रसाद बरई
अध्यक्ष

(क) **मुख्य सडक:** ईलाका प्रहरी कार्यालय रायपुर चौकि, सिसोसेमरा ।
(ख) **शाखा सडक:** एक गाउँबाट अर्को गाउँ टोल जाने बाटो ।
(ग) **अन्य भित्री सडक:** हरेक टोल भित्रका सडकहरु ।

**२) व्यवसायिक क्षेत्र:**

- ईलाका प्रहरी कार्यालय, रायपुर, सिसोसेमरा १० मिटर वरिपरीर वडा कार्यालय भन्दा १० मिटर परसम्म ३० मिटर दायाँ बायाँ राख्ने ।

**३) सार्वजनिक उपयोगको क्षेत्र:**

- वडा कार्यालय श्रीमती मनएजी देवी मा.वि. सिसोसेमरा, श्री जनकल्याण प्रा.वि., सिसोसेमरा मा.वि.

**४) धार्मिक सांस्कृतिक उपयोगको क्षेत्र:**

- रामजानकी मन्दिर, रायपुर, शिव शिवन्य सुरहवा, कोटहीमाई थान पूर्वीकोट, समयमाई थान, समयमाई थान पतिहवा रायपुर दुर्गा मन्दिर, शिव मन्दिर रायपुर, सिसोसेमरा शिव मन्दिर, काली मन्दिर, दुर्गा मन्दिर, सुरहवा कालीमाई थान, काली मन्दिर ।

**५) खोला, नदी नाला तथा सिमसार क्षेत्र:**

- हगनी नाला ।

**६) कृषि क्षेत्र:**

- माथि उल्लेखित क्षेत्र र नदी, ताल, नाला, सिमसार क्षेत्र बाहेकका सम्पूर्ण जगगाहरु कृषि क्षेत्र रहने छ भनी सर्वसहमतिबाट निर्णय गरियो ।

## वडा नं.४

आज मिति २०८०/०२/२५ गतेका दिन यस मर्चवारी गा.पा.वडा नं.४ का वडा अध्यक्ष श्री ओम प्रकाश चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिममा समितिका सदस्य, पदाधिकारी कर्मचारी तथा अन्य व्यक्तिहरुको उपस्थितीमा निम्नअनुसारको निर्णय गरियो ।

**निर्णय नं.१ :** प्रस्ताव नं.१ मथि छलफल गर्दा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**१) आवासीय क्षेत्र:**

(क) मुख्य सडकहरुको दायाँ बायाँ ५० मिटर आवासीय क्षेत्र राख्िने ।
(ख) शाखा सडकहरुको वरिपरी दायाँ बायाँ ४० मिटर आवासीय क्षेत्र ।
(ग) हरेक गाउँहरुको वरिपरी ५० मिटर पर सम्म आवासीय क्षेत्र ।

**मुख्य सडकहरु:**

- हरिनामपुर चोक देखि खैरा सम्म ।
- खैरा देखि दुवौलिया सम्म ।
- देवनगढिया चोक देखि कालाबन्जर सम्म ।
- देवनगढिया चोक देखि पिपरहवा चोक सम्म ।
- महदेइ देखि महदेवा सम्म ।
- हरिनामपुर देखि सिलौटिया हुँदै खैरा सम्म ।
- सिलौटिया देखि पूर्व रामगंज सम्म ।
- महदेवा पोखरा देखि सनर्हडिह सम्म ।
- दुवौलिया चौक देखि देवनगढिया हुँदै अमवा सम्म ।

**शाखा सडकहरु:**

- एक गाउँवाट अर्को गाउँ सम्म जाने सबै बाटो ।

**अन्य भित्रि सडक:**

- हरेक टोल भित्रका सडकहरु ।

गया प्रसाद बरई
अध्यक्ष

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२) व्यवसायिक क्षेत्र:

- हरिनामपुर चोक
- दुबौलिया चोक
- देबनगढिया चोक
- कालाबन्जर चोक

३) सार्वजनिक क्षेत्र:

- श्री हरिनामपुर आधारभुत विद्यालय,हरिनामपुर
- श्री नरेश जनता प्रा.वि महदेवा
- मर्चवारी गाउँपालिका वडा नं.४ को वडा कार्यालय,खैरा
- सिलौटिया स्वास्थ्य चौकी,सिलौटिया
- अन्य सार्वजनिक जग्गाहरु, खोप केन्द्र दुबौलिया

४) धार्मिक सांस्कृतिक तथा पुरातात्विक क्षेत्र:

- मन्दिर ८ वटा
- प्रत्येक टोलमा रहेको कालि मन्दिर
- प्रत्येक टोलमा रहेको कोटही मन्दिर
- प्रत्येक टोलमा रहेको समय मन्दिर

५) खोला, नदी नाला तथा सिमसार क्षेत्र:

- पुर्नि नाला खैरा देखि सनई डिह सम्म

६) कृषि क्षेत्र:

- माथि उल्लेखित क्षेत्र र नदी, ताल, नाला, सिमसार क्षेत्र बाहेकका सम्पूर्ण जग्गाहरु कृषि क्षेत्र रहने छ भनी सर्वसहमतिबाट निर्णय गरियो ।

## वडा नं.५

आज मिति २०८०/०२/२६ गतेका दिन यस मर्चवारी गा.पा.वडा नं.५ का वडा अध्यक्ष श्री कृष्ण कुमार सिंह ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिममा समितिका सदस्य, पदाधिकारी कर्मचारी तथा अन्य व्यक्तिहरुको उपस्थितीमा निम्नअनुसारको निर्णय गरियो ।

**निर्णय नं.१ :** प्रस्ताव नं.१ माथि आज बसेको बैठकमा पेश भई छलफल गर्दा यस बैठकको सर्वसहमति बाट तपसिल बमोजिमको निर्णय पारित गरियो ।

**१) आवासीय क्षेत्र:**

(क) मुख्य सडकहरुको दायाँ बायाँ ५० मिटर आवासीय क्षेत्र राख्नि ।
(ख) शाखा सडकहरुको दायाँ बायाँ ४० मिटर आवासीय क्षेत्र राखिने ।
(ग) हरेक गाउँको दायाँ बायाँ ५० मिटर परसम्म आवासीय जग्गा राख्ने ।

मुख्य सडकहरु:

(क) आडवलिया चोक देखि रामगंज हुँदै बगौली चोक सम्म जाने सडक ।
(ख) ओडवलिया चोक देखि महुवारी हुँदै हरहरवा घाट सम्म जाने सडक ।
(ग) ओडवलिया चोक देखि महुवारी हुँदै फुलवरिया चोक सम्म जाने सडक ।
(घ) ओडवलिया चोक देखि वनियाडिहा हुँदै मर्चवारीमाई मन्दिर सम्म जाने सडक ।
(ङ) छोटकी ओडवलिया चोक देखि बगौली चोक सम्म जाने सडक ।
(च) फुलवरिया चोक देखि बगौली चोक सम्म जाने सडक ।

शाखा सडकहरु:

(क) एक गाउँ देखि अर्को गाउँ सम्म जाने सबै बाटोहरु तथा सबै भित्री सडकहरु ।

गया प्रसाद बरई
अध्यक्ष



CamScanner

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोयपुर रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**२) व्यावसायिक क्षेत्र:**

(क) ओडवलिया चोक

(ख) फुलवरिया चोक

(ग) महुवारी चोक

(घ) मर्चवारी माई मन्दिर क्षेत्र ।

**३) सार्वजनिक उपयोगको क्षेत्र:**

(क) श्री जनता मा.वि.ओडवरिया

(ख) मर्चवारी आ.वि. ओडवरिया

(ग) तकवियतुल ईमान ओडवरिया

(घ) प्रहरी चौकी ओडवरिया

(ङ) स्वास्थ्य संस्था महुवारी

**४) धार्मिक सांस्कृतिक तथा पुरातात्विक क्षेत्र:**

(क) वडकी ओडवलिया कालीमाई मन्दिर

(ख) मर्चवारीमाई मन्दिर

(ग) शिव मन्दिर वडकी ओडवलिया

(घ) महुवारी कालीमाई मन्दिर

(ङ) समयमाई थान ओडवलिया चौराहा

**५) खोला, नदी नाला तथा सिमसार क्षेत्र:**

(क) महुवारी देखि हरहरवा घाट जाने कुला

**६) कृषि क्षेत्र:**

- माथि उल्लेखित क्षेत्र र नदी, ताल, नाला, सिमसार क्षेत्र बाहेकका सम्पूर्ण जग्गाहरु कृषि क्षेत्र रहने छ भनी सर्वसहमतिबाट निर्णय गरियो ।

## वडा नं.६

आज मिति २०८०/०२/२६ गतेका दिन यस मर्चवारी गा.पा.वडा नं.६ का वडा अध्यक्ष श्री राम सेवक खरविन्द ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिममा समितिका सदस्य, पदाधिकारी कर्मचारी तथा अन्य व्यक्तिहरुको उपस्थितीमा निम्नअनुसारको निर्णय गरियो ।

**निर्णय नं.१ :** प्रस्ताव नं.१ माथि आज बसेको बैठकमा पेश भई छलफल गर्दा यस बैठकको सर्वसहमति बाट तपसिल बमोजिमको निर्णय पारित गरियो ।

**१) आवासीय क्षेत्र:**

(क) मुख्य सडकहरुको दायाँ बायाँ ५० मिटर आवासीय क्षेत्र राख्ने ।

(ख) शाखा सडकहरुको दायाँ बायाँ ४०) मिटर आवासीय क्षेत्र राख्ने ।

(ग) हरेक गाउँको दायाँ बायाँ ५० मिटर परसम्म आवासीय क्षेत्रराख्नि ।

**मुख्य सडकहरु:**

(क) फुलवरिया चोक हणसरी हुँदै ढर्की ढल्डा सम्म ।

(ख) फुलवरिया चोक देखि बगौली सम्म ।

(ग) ढर्की गाउँ देखि दुई मोहन घाट सम्म ।

**शाखा सडकहरु:**

(क) एक गाउँ देखि अर्को गाउँ सम्म जाने सवै बाटोहरु तथा सवै भित्री सडकहरु ।

**२) व्यवसायिक क्षेत्र:**

(क) नौडिहवा चोक

(ख) वगौली चोक

(ग) ढर्की चोक

(घ) पिपरहवा चोक

(ङ) भिलरहवा चोक

गया प्रसाद बरई
अध्यक्ष

(च) ढर्का चोक

३) सार्वजनिक उपयोगको क्षेत्र:

(क) ढर्की मा.वि. ढर्की
(ख) मदरसा अरनिया मिराबाहुल उलुम नौडिहवा
(ग) पमदरसा बरकातिया निजामुल उलुम नौडिहवा
(घ) प्रहरी चौकी ढर्की
(ङ) आधारभुत स्वास्थ्य चौकी नौडिहवा
(च) यस वडा भित्र पर्ने सबै सार्वजनिक पोखरीहरु
(छ) भिलरहवा गाउँमा सामुदायिक भवन
(ज) यस वडामा रहेका सार्वजनिक जग्गाहरु

४) धार्मिक सांस्कृतिक तथा पुरातात्विक क्षेत्र:

(क) ढर्की शिव मन्दिर
(ख) ढर्की काली मस्जिद
(ग) पिपरहवा चमरियामाई मन्दिर
(घ) ढरका शिव मन्दिर
(ङ) बगौली दुर्गा मस्जिद
(च) बगौली शिव मन्दिर
(छ) बैरिहवा काली मस्जिद
(ज) भिलरहवा मा काली मन्दिर
(झ) बगौली काली मन्दिर र यस वडाका सबै सार्वजनिक मस्जिदहरु ।

५) खोला, नदी नाला तथा सिमसार क्षेत्र:

(क) डन्डा नदी
(ख) ढर्की गाउँ देखि महुआरी सम्म

६) कृषि क्षेत्र:

- माथि उल्लेखित क्षेत्र र नदी, ताल, नाला, सिमसार क्षेत्र बाहेकका सम्पूर्ण जग्गाहरु कृषि क्षेत्र रहने छ भनी सर्वसहमतिबाट निर्णय गरियो ।

## वडा नं.७

आज मिति २०८०/०२/२६ गते शुक्रबारको दिन यस मर्चवारी गा.पा.वडा नं.७ का वडा अध्यक्ष श्री गणेश चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिममा समितिका सदस्य, पदाधिकारी कर्मचारी तथा अन्य व्यक्तिहरुको उपस्थितीमा निम्नअनुसारको निर्णय गरियो ।

**निर्णय नं.१ :** प्रस्ताव नं.१ माथि आज बसेको बैठकमा पेश भई छलफल गर्दा यस बैठकको सर्वसहमति बाट तपसिल बमोजिमको निर्णय पारित गरियो ।

**१) आवासीय क्षेत्र:**

(क) मुख्य सडकको हकमा सडकको मापदण्ड छाडेर दायाँ बायाँ ५० मिटर आवासीय क्षेत्र रहने ।
(ख) शाखा सडकको हकमा सडकको मापदण्ड छाडेर दायाँ बायाँ ४० मिटर आवासीय क्षेत्र राख्ने ।
(ग) अन्य भित्री सडकको हकमा सडकको दायाँ बायाँ ३० मिटर आवासीय क्षेत्र रहने ।
(घ) वडा भित्रको हरेक गाउँ ब्लकको वरिपरी थप ५० मिटर आवासीय क्षेत्र रहने ।

**मुख्य सडक अर्न्तगतका सडकहरु:**

(क) बगौली चोक-उत्तर टोल बगौली चोक-टेवुल चौराहा-चण्डिघाट सम्म ।
(ख) दुबौलिया चोक-रामनगर -श्री रामपुर चोक-झोलुङगे पुल
(ग) राम जानकी मस्जिद देखि-प्रमहंश मस्जिद चोक
(घ) बगौली चोक देखि-पश्चिम बगौली टोल-लोहार टोल-दक्षिण टोल-रामनगर चोक

**शाखा सडक अर्न्तगतका सडकहरु:**

गया प्रसाद बरई
अध्यक्ष

(क) हरेक गाउा ब्लकहरु एक-आपसमा जोड्ने बाटोहरु।

२) **व्यवसायिक क्षेत्रः**

(क) बगौली चोक-श्री आराध्य विद्यालय सम्म ३० मिटर

(ख) चण्डिघाटको २०० मिटर वरिपरी सडकमा ३० मिटर

(ग) श्री रायपुर चोकको वरिपरी ५० मिटर

३) **सार्वजनिक उपयोगका क्षेत्रः** श्री सरस्वती आधारभुत विद्यालय, श्री बगौली माध्यमिक विद्यालय मदरसा (२), प्रहरी चौकी, स्वास्थ्य चौकी।

४) **औद्योगिक क्षेत्रः** संजाना राइस मिल, विश्वकर्मा फर्निचर

५) **धार्मिक, सांस्कृतिक तथा पुरातात्विक क्षेत्रः** पर्रामहंश आदित्य मनिदर, राम जानकी मन्दिर (२), दुर्गा मन्दिर, मुरी जम्मा मस्जिद।

६) **खोला, नाला, ताल तथा सिमसार क्षेत्रः** डण्डा खोला, र्स्टाक टोल पोखरी, उत्तर टोल पोखरी, सुर्यलाल टोल पोखरी, दक्षिण टोल पोखरी, मञ्झरिया पोखरी, श्री रायपुर पोखरी

७) **वन क्षेत्रः** नभएको

८) **खानी क्षेत्रः** नभएको

९) **कृषि क्षेत्रः** माथि उल्लेखित क्षेत्र र नदी, ताल, नाला, सिमसार क्षेत्र बाहेकका सम्पूर्ण जग्गाहरु कृषि क्षेत्र रहने छ भनी सर्वसहमतिबाट निर्णय गरियो।

**प्रमाणित गर्नेः**
**गया प्रसाद बरई**
**गाउँपालिका अध्यक्ष**

मितिः.......२०८१।३।१९........

गया प्रसाद बरई
अध्यक्ष